सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.com
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।११।०६ गते । |
|---|---|---|

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौ ।

## बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको मिति २०८०।११।०५ गते बेलुका १७:०० बजे देखि मिति २०८०।११।०६ गते बिहान ०७:०० सम्मको दैनिक विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार रहेको ब्यहोरा सादर अनुरोध गरिन्छ।

निम्नः-

❖ पानीमा डुबी बालकको मृत्यु सम्बन्धी

✍ जिल्ला कैलाली

मिति २०८०।११।०५ गते १६:४५ टीकापुर नगरपालिका वडा नं.१ शान्तीनगर घर भई ऐ.ऐ. चमेलीपुर माईती घर आएकोमा सृजना चौधरीको छोरी बर्ष १ की आरोही चौधरी खेल्ने क्रममा घरको नल्कामा बाल्टीमा पानीभरी राखेकोमा सोही पानीमा डुबी बिरामी भई उपचारको लागी टीकापुरअस्पतालमा ल्याएकोमा ऐ.ऐ.१७:१५ बजेको समयमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको भनि टीकापुर अस्पतालमा कार्यरत प्र.स.ह.ले ईलाका प्रहरी कार्यालय टीकापुर ,कैलालीमा जानकारी गराए पश्चात प्र.नि. को कमाण्डमा ५ जनाको टोली खटीई गएको।

❖ महाकाली नदी किनारमा महिलाको मृत लास भेटिए सम्बन्धि

✍ जिल्ला दार्चुला

मिति २०८०।११।०५ गते १८:०० बजेको समयमा महाकाली न.पा. ८ असिगडा स्थित महाकाली नदी किनारमा उक्त नदीले बगाइ ल्याएको बर्ष अ. ३०/३५ कि नाम वतन खुल्न नआएकि शरिरमा कुनै पनि लुगा नभएकि,सडिगलि गएको अवस्थामा महिलाको मृत लास छ भनि प्रहरी चौकी धापमा खबर प्राप्त हुनासाथ तत्काल प्र.चौ.धाप बाट प्र.ब.ह. को कमाण्डमा ५ जनाको टोली र जि.प्र.का.दार्चुला बाट प्र.ना.उ. को कमाण्डमा थप अनुसन्धानको लागी ७ जनाको टोली खटिगएको।